नेपाल सरकार

भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

# भूमि समस्या समाधान समिति

ताहाचल, काठमाडौं

पत्र संख्याः- २०८३/०८४

चलानी नं.-

# सूचना !!!

भूमिहीन दलित, भूमिहीन सुकुम्बासीलाई जग्गा उपलब्ध गराउने तथा अव्यवस्थित बसोबासीको व्यवस्थापनको कार्य सम्बन्धित जिल्ला भूमि समस्या समाधान समितिबाट भइरहेको तथा कतिपय जिल्ला समितिहरुबाट त्यस्ता लाभग्राहीहरुलाई जग्गाधनी प्रमाणपूर्जा वितरण गरिसकेको अवस्था छ भने कतिपय जिल्ला समितिले पूर्जा वितरण कार्य जारी राखेको अवस्था छ । अझै ठूलो संख्यामा यस्ता निवेदनहरुको टुङ्गो लगाउन बाँकी नै छ । कतिपय निवेदकहरुले आफ्नो वैयक्तिक सम्पूर्ण विवरण नभरेको र कम्प्युटर प्रणालीमा प्रविष्टि गर्ने कागजात पेश नगरेको कारणले निवेदनको कारवाही अगाडि बढाउन बाधा पुग्न गएको स्थिति छ। जसको कारण लाभग्राहीहरुको व्यवस्थापनको कार्य ढिला हुन गइरहेको छ । तसर्थ निवेदन फाराम साथै पेश गर्नुपर्ने कागजात जस्तैः नागरिकता, राष्ट्रिय परिचय पत्रको प्रतिलिपि, नाता प्रमाणित, अंशियारसंग छुट्टिभिन्न भएको भए सम्बन्धित कार्यालयवाट पारित लिखतको प्रतिलिपि तथा जिल्ला समितिले माग गरेको आयश्रोत देखिने आर्थिक विवरण लगायतका कागजात सम्बन्धित वडाबाट माग भएको अवस्थामा त्यस्ता विवरण तथा कागजात उपलब्ध गराईदिनु हुन सम्बन्धित लाभग्राहीहरुलाई अनुरोध गरिन्छ। साथै सम्पूर्ण लाभग्राहीहरुले आफूले दिएको निवेदन फारामको कारवाहीको प्रकृया के कस्तो अवस्थामा पुगेको छ ? सम्बन्धित वडाबाट जानकारी लिनु हुन समेत सूचित गरिन्छ।

२०८३/५/२१

(गोकुल ढुंगेल)

उपसचिव

फोनः ५३१३९३२, ५३१३९३५ ईमेल ठेगानाः info@lirc.gov.np website: lirc.gov.np